आज मिति २०८१ असार १ गते शनिबारको दिन दार्मा गाउँपालिका आ.व. २०८०/८१ को २० औँ कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री निम बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णयहरु गरियो।

**तपसिल**

| | |
|---|---|
| श्री निम बहादुर के.सी. | अध्यक्ष |
| श्री जुना मल्ल चन्द | उपाध्यक्ष |
| श्री रेशम ओली | प्रमुख प्रशासकीय अधिकृत |
| श्री टंक बहादुर वली | सदस्य |
| श्री सार्की खत्री | सदस्य |
| श्री पोखर बहादुर खत्री | सदस्य |
| श्री चन्द्र बहादुर रावत | सदस्य |
| श्री सुदिप के.सी. | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनिराम नेपाली | सदस्य |
| श्री लाल बहादुर सुनार | सदस्य |
| श्री रुपा चन्द मल्ल | सदस्य |
| श्री रेवती कुमारी कामी | सदस्य |
| श्री पुष्पाञ्जली मगर | सदस्य |
| श्री हिरा खड्का | सदस्य |
| श्री माधव के.सी. | लेखापाल |
| श्री लोकेन्द्र विश्वकर्मा | प्रा.वि. |
| श्री सुनिल बिष्ट | सहायक पाँचौं |

प्रस्तावहरु

१. कानून बमोजिमको प्रतिनिधि तोक्ने सम्बन्धमा ।

२. आधारभूत प्रसुति सेवाकेन्द्र थुम्केसल्लीमा कार्यालय तोडफोड सम्बन्धमा ।

३. GESI Audit को प्रशिक्षकको पारिश्रमिक सम्बन्धमा ।

४. स्थायी प्रहरी पोष्ट माग गर्ने सम्बन्धमा ।

**निर्णय नं १**

मुद्दा नं ०८०-AP-०२ ४१२ ज्ञानेन्द्रराज आरण समेत निवेदक, दार्मा गाउँपालिकाको कार्यालय, फारुलाचौर, दार्मा सल्यान,कर्णाली प्रदेश, नेपाल प्रत्यर्थी/विपक्षी रहेको अदालतको अवहेलना मुद्दाको लिखित जवाफ पेश गर्न, कानून व्यवसायी राख्न र वारिस राख्ने लगाएत कार्यालयको तर्फबाट उक्त मुद्दाको प्रतिरक्षा गर्न दार्मा गाउँपालिकाको कार्यालय, फारुलाचौर दार्मा सल्यान कर्णाली प्रदेश नेपालको र ऐ.ऐ. को उपाध्यक्ष जुना मल्ल चन्दको कानून बमोजिमको प्रतिनिधि दार्मा गाउँपालिका उपाध्यक्ष जुना मल्ल चन्दलाई तोक्ने ।

**निर्णय नं २**

आधारभुत स्वास्थ्य तथा प्रसुति सेवाकेन्द्र थुम्केसल्लीमा बारम्बार तोडफोड तथा चोरीको घटना घटिरहने भएकोले उक्त कार्यालयको सुरक्षाको लागि झ्यालहरुमा ग्रिल लगायतको मर्मत गर्ने र १ सेट सिसिटिभि जडान गर्ने ।

**निर्णय नं ३**

लैङ्गिक समानता तथा सामाजिक परिक्षण GESI Audit र लैससास रणनीति सम्बन्धी कार्यशालाका प्रशिक्षकलाई दैनिक रु १०,००० प्रशिक्षक भत्ता उपलब्ध गराउने ।

**निर्णय नं ४**

दार्मा गाउँपालिका वडा नं ४ स्थित मौलाहाल्ने बजारमा शान्ति सुरक्षाको संवेदनशिलता बढ्दै गएकोले उक्त स्थानमा स्थायी प्रहरी पोष्ट स्थापनाको लागि जिल्ला सुरक्षा समिति सल्यानलाई अनुरोध गर्ने ।

निम बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

निर्णय प्रमाणित

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सल्यान
२०७२